अल्लाहको श्राप होस्, यहूदी र ईसाईहरूमाथि, तिनीहरूले आफ्ना नबीहरूको कब्रलाई (चिहान) मस्जिद बनाए

आइशा र अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, उनीहरूले भने : जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को देहावसान को समय नजिक आयो, उहाँले आफ्नो अनुहारमा चादर राख्नुभयो र जब सांस फुल्न थाल्यो उहाँले त्यो चादरलाई हटाएर
भन्नुभयो: " अल्लाहको श्राप होस्, यहूदी र ईसाईहरूमाथि, तिनीहरूले आफ्ना नबीहरूको कब्रलाई (चिहान) मस्जिद बनाए ।" उहाँले यहूदी र ईसाईहरू जस्तै नगर्न आफ्नो
अनुयायीहरु लाई चेतावनी दिनुभयो । [सही] [मुत्तफकुन अलैहि]

आइशा र अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को देहावसानको समय नजिक आयो, उहाँले आफ्नो अनुहारमा कपडाको एउटा टुक्रा राख्नुभयो र पीडाले सास फेर्न गाह्रो भएपछि त्यो टुक्रा हटाउनुभयो र यही कठिन परिस्थितिमा भन्नुभयो: यहूदी र ईसाईहरूमाथि अल्लाहको श्राप होस् । अर्थात्, अल्लाहले तिनीहरूलाई आफ्नो दयाबाट टाढा राखून् । किनभने तिनीहरूले आफ्ना नबीहरूको चिहानमाथि मस्जिदहरू बनाएका थिए । याद रहोस्, चिहानमाथि मस्जिद बनाउने विषय गम्भीर नभएको भए यो कठिन समयमा उहाँले उल्लेख गर्नुहुने थिएन । यो समस्याको गम्भीरता देखेर उहाँले आफ्नो उम्मतलाई यहूदी र इसाईहरूको जस्तो काम गर्न निषेध गर्नुभएको छ । यस कार्यलाई निषेध गर्नुको अर्को कारण यो हो कि यसले शिर्कको ढोका खोल्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/3330